आज मिति २०८३ साल जेष्ठ २९ गते शुक्रबारको दिन बिहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को अठारौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | भद्र बहादुर राई | अधिकृत छैठौं | |
| | दिपेन्द्र कुमार राई | ज.स्वा.नि. | |
| | रमेश राई | एम.आई.एस. अपरेटर | |
| | केदार राई | का.स. | |

प्रस्तावहरु:

१.समिक्षा सम्बन्धमा ।

२.बखल्टुम बेलि ब्रिज निर्माण योजनाको म्याद थप सम्बन्धमा ।

३.५नम्बर वडा कार्यालय भवन निर्माणको सम्बन्धमा ।

४.विभिन्न कानूनको मस्यौदा स्विकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।

५.आ.व.०८३/०८४ आर्थिक ऐन सम्बन्धमा सम्बन्धमा ।

६.आ.व.०८३/०८४ को नीति,कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा ।

७.गाउँसभाको १९ औं अधिवेशन आह्वन मिति तय सम्बन्धमा ।

८.गाउँसभाको अधिवेशनको कार्यसुची तय गरी सभा सदस्यलाई वितरण सम्बन्धमा ।

९.विभिन्न नियमावली उपर छलफल र निर्णय सम्बन्धमा ।

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर १ आर्थिक वर्ष २०८२/८३ को सत्रौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. २.बखल्टुम बेलि ब्रिज निर्माण योजनाको म्याद थप सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नम्बर २ उपर छलफल गर्दा श्री बखल्टुम बेलिब्रिज निर्माण आयोजना यहि आ.व.२०८२/८३ मा सम्पन्न गर्ने गरी सम्झौता भएतापनि कारण सहित म्याद थपको लागि श्री MAMATA ENTERPRISES AND CONSTRUCTION PVT.LTD. लोकन्थाली-१ भक्तपुरले पेश गरेको निवेदको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पेश गरेको कार्यतालिकामा उल्लेख भएको समय सिमामा सम्पन्न गर्ने गरी म्याद थप गर्ने सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३.५नम्बर वडा कार्यालय भवन निर्माणको म्याद थप सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नम्बर ३ उपर छलफल गर्दा श्री बखल्टुम बेलिब्रिज निर्माण आयोजना यहि आ.व.२०८२/८३ मा सम्पन्न गर्ने गरी सम्झौता भएतापनि कारण सहित म्याद थपको लागि श्री SAJILA CONSTRUCTION PVT.LTD. संखुवासभा खाँदबारीले पेश गरेको निवेदको आधारमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पेश गरेको कार्यतालिकामा उल्लेख भएको समय सिमामा सम्पन्न गर्ने गरी म्याद थप गर्ने सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ४.विभिन्न कानूनको मस्यौदा स्विकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा कानून तर्जुमा मस्यौदा समितिले सरोकारवालासँग समेत छलफल गरी तयार गरेको विभिन्न विधेयकहरु उदेश्य र कारण सहित समितिका संयोजकले आजको बैंठकमा पेश गर्नुभएको तपशिल बमोजिमको विधेयकहरु स्वीकृत गरी आगामी गाउँसभाको १९ औं अधिवेशनमा पेश गर्न कार्यपालिका सदस्य श्री सन्तोष राईलाई तोक्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

तपशिलः

१. सहकारी विधेयक
२. लैङ्गिक हिंसा निवारण विधेयक
३. स्थानीय पूर्वाधार विकास विधेयक

२०८३/०२/०९

४. शिक्षा विधेयक

५. बजार व्यवस्थापन विधेयक

६. वातावरण तथा विपद व्यवस्थापन विधेयक

७. विवाद सुनुवाई (उजुरी, कारवाही र किनारा) कार्यविधि विधेयक

८. कृषि तथा पशुपन्छी विधेयक

९. खानेपानि (वितरण र नियमन) विधेयक

१०. सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशन विधेयक

११. संस्था दर्ता विधेयक

१२. कर तथा गैह्र कर राजश्व सम्बन्धी विधेयक

१३. स्थानीय सेवा (संचालन र व्यवस्थापन) विधेयक

१४. स्थानीय अभिलेख तथा तथ्यांक (संकलन र व्यवस्थापन) विधेयक जनस्वास्थ्य विधेयक

१५. गाउँ/नगर सभा संचालन नियमावली

१६. स्थानीय उर्जा (उत्पादन, वितरण र नियमन) विधेयक

**प्रस्ताव नं. ५.आ.व.०८३/०८४ को आर्थिक विधेयक सम्बन्धमा सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ५ उपर छलफल स्थानीय राजश्व परामर्श समितिले पेश गरेको प्रस्तावित आर्थिक ऐन,२०८३ को सम्बन्धमा राजश्व सुधार कार्ययोजनामा उल्लेखित विषयवस्तुहरुलाई समेत समावेश गरी आगामी कार्यपालिका बैठकमा पेश सुझाव दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ६.आ.व.०८३/०८४ को नीति,कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. ६उपर छलफल गर्दा आ.व.०८३/०८४ को प्रस्तावीत नीति,कार्यक्रम स्वीकृत गरी गाउँ सभाको १९ औं अधिवेशनमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ७.गाउँसभाको १९ औं अधिवेशन आह्वन मिति तय सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. ७उपर छलफल गर्दा गाउँ सभाको १९ औं अधिवेशनमा असार ७ गते प्रारम्भ भई १० गते समापन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ८.गाउँसभाको अधिवेशनको कार्यसुची तय गरी सभा सदस्यलाई वितरण सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ८उपर छलफल गर्दा गाउँ सभाको १९औं अधिवेशनमा तपशिल बमोजिमको कार्यसुची तय गरी गाँउ सभा सदस्यहरुलाई वितरण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

<u>कार्यसूची:</u>

मिति २०८३/०३/०७

१. नीति तथा कार्यक्रम पेश गर्ने ( अध्यक्ष )।

२. हालसम्मको बेरुजु सम्परीक्षण सम्बन्धी प्रस्ताव पेश गर्ने ( ईश्वर राई )।

३. गाउँसभा संचालन नियमावली पेश गरी पारित गर्ने ।

४. सभामा भएका समिति खारेज गर्ने प्रस्ताव पेश गर्ने।(लक्ष्मी विश्वकर्मा )

५. सभा अन्तर्गतका विषयगत नयाँ समिति गठन गर्ने ।

६. न्यायिक समितिको प्रतिवेदन पेश तथा अनुमोदन ।

७. शाखागत वार्षिक प्रगति विवरण पेश ( सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक वा समितिका कुनै सदस्य )

८. विभिन्न पदमा सेवा करारमा कार्यरत कर्मचारफ तथा गा.पा. अनुदान शिक्षकको करार सम्झौता नविकरण सम्बन्धमा ।

९. १६औं देखि हालसम्मको कार्यपालिका बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

१०. विभिन्न विधेयक पेश गर्ने ( पेश गर्नेःसन्तोष राई )

११. पेश भएका विधेयक सम्बन्धित बिषयगत समितिमा दफावार छलफलका लागि पठाउने ।

मिति २०८३/०३/१०

१. बजेट वक्तव्य पेश गर्ने ।

२. आर्थिक ऐन पेश गर्ने ।

३. विनियोजन ऐन पेश गर्ने ।

४. समितिबाट दफाबार छलफल गरी स्वीकृत गरी सभा सचिवालयमा पेश गरेका विधेयक पेश र पारित गर्ने ।

५. सभा समापन ।

९.विभिन्न नियमावली उपर छलफल र निर्णय सम्बन्धमा ।

निर्णयः प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा कानून तर्जुमा मस्यौदा समितिले सरोकारवालासँग समेत छलफल गरी तयार गरिएको विभिन्न नियमावलीहरुको मस्यौदा समितिका संयोजकले आजको बैठकमा पेश गर्नुभएमा तपशिल बमोजिमको नियमावलीहरु पारित गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

<u>तपशिलः</u>

१. सार्वजनिक खरिद नियमावली

२. कार्यपालिकाको कार्य संचालन र कार्य सम्पादन नियमावली

प्रमुख प्रशासकीय अधिकृत